बेलका नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

रामपुर, उदयपुर

प. सं. २०८१/०८२
च.नं. ११९६

कोशी प्रदेश ,नेपाल

मितिः २०८१।११।०५

## बेरोजगार व्यक्तिको सूचीमा सूचीकृत हुन निवेदन दर्ता गर्ने सम्बन्धी सम्बन्धी सूचना।

प्रत्येक नेपाली नागरिकलाई रोजगारीको हक प्रत्याभूति गराउन तोकिएको मापदण्ड पूरा गरेका नेपाली नागरिकले रोजगारीको हक सम्बन्धी नियामावली,२०७५ को नियम ७ बमोजिम आफू स्थायी बसोबास गरेको वडा कार्यालयमा २०८१ साल फाल्गुण १ गते देखि २९ गते सम्म आ. व. २०८२/०८३ को लागि निवेदन दिनु हुन यो सूचना प्रकाशन गरिएको छ।

**बेरोजगार व्यक्ति सूचिकरण सम्बन्धी व्यवस्था**

- १८ देखि ५९ वर्ष उमेर समूहको हुनुपर्ने।
- निवेदन दिंदाको मितिसम्म आर्थिक वर्ष २०८१/०८२ मा न्यूनतम १०० दिनको रोजगारीमा संलग्न नभएको हुनुपर्ने (न्यूनतम १०० दिनको रोजगारीमा संलग्न हुन चाहानेहरुका लागि मात्र )।
- स्वरोजगारमा संलग्न ब्यक्तिको हकमा निवेदन दिंदाको मितिसम्म आर्थिक वर्ष २०८१/०८२ मा न्यूनतम १०० दिनको रोजगारी वापत प्राप्त गर्ने नेपाल सरकारले तोकेको न्यूनतम पारिश्रमिक वरावरको आय (चालु आ.व.को) सन्दर्भमा ६६८००/- भन्दा कम आय भएको हुनुपर्ने (न्यूनतम १०० दिनको रोजगारीमा संलग्न हुन चाहानेहरुका लागि मात्र )।

**आवाश्यक कागजातहरु**

- निवेदकको नागरिकताको प्रतिलिपि -१ थान,
- निवेदकको हालसालै खिचेको पासपोर्ट साईजको फोटो, -१ थान,
- नवेदकको शैक्षिक योग्यता तथा अनुभवको प्रमाणपत्रको प्रतिलिपी,
- निवेदक सहित परिवारका सदस्यहरुको सम्पूर्ण (शैक्षिक योग्यता, सीप, दक्षता, तथा रोजगारिको अवस्था (स्वदेश /विदेश/स्वरोजगार) विवरण भर्ने,
- स्थायी बसोबास खुल्ने आवाश्यक कागजपत्र प्रतिलिपि,विवाहदर्ता तथा बसाईसराई प्रमाणपत्रको प्रतिलिपि,
- बैदेशिक रोजगारीबाट फर्किएको भए बैदेशिक रोजगारीमा गएको सबै विवरण खुलाई पासपोर्टको प्रतिलिपि राख्ने ,
- निवेदकको तालिम सम्बन्धी प्रमाणपत्र।

**नोटः** फारममा उल्लेखित सम्पूर्ण विवरण अनिवार्य रुपमा भर्नपर्ने छ। अपुरो फारम मान्य हुने छैन। गत साल फारम भर्नुहुने बेरोजगार व्यक्तिले यो साल पनि नविकरण गर्ने हो भने अनिवार्य फारम भर्न पर्ने छ। बेरोजगारको फारम प्रधानमन्त्री रोजगार कार्यक्रमको वेवसाइट www.pmep.gov.np बाटा डाउनलोड गर्न साथै नगरपालिकाको रोजगार सेवा केन्द्र बाट प्राप्त गर्न सकिने छ।

२०८१।११।५

विमला थापा
रोजगार संयोजक

बिमला थापा
रोजगार संयोजक

रविकिरण आचार्य
नि. प्रमुख प्रशासकीय अधिकृत

नि. प्रमुख प्रशासकीय अधिकृत

Website: www.belakamun.gov.np E-mail: belakamun@gmail.com
Contact no. 977-035-430111, 430112, 430113, 430117,430116,9852835479